राजनीतिक अपडेट - २१

# निर्वाचन तयारी र राजनीतिक गतिविधि

कात्तिक २२, २०७९

DEMOCRACY
RESOURCE CENTER

प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन मंसिर ४, २०७९ मा हुँदैछ । निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग नेपालले तीव्र तयारी गरिरहेको छ । आयोगले असोज २६, २०७९ मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन र निर्वाचन चिह्न प्रदान गरेपछि उम्मेदवार तथा राजनीतिक दलले चुनाव केन्द्रित गतिविधि बढाएका छन् ।

यो राजनीतिक अपडेट निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयले गरेको तयारी र राजनीतिक दलको गतिविधिमा केन्द्रित छ । प्रदेश १ को झापा र मोरङ, मधेश प्रदेशको सिरहा र धनुषा, बागमती प्रदेशको सिन्धुली, गण्डकी प्रदेशको स्याङ्जा, सुदूरपश्चिम प्रदेशको कञ्चनपुरका जिल्ला निर्वाचन अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधि र नागरिकसँग गरिएको अन्तर्वार्ताको आधारमा यो अपडेट तयार पारिएको हो । यस अपडेटका लागि डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का अनुसन्धाताहरू असोज ३० देखि कात्तिक ७, २०७९ सम्म ती जिल्लाको स्थलगत भ्रमण गरेका थिए ।

## निर्वाचन कार्यालयको निर्वाचन तयारी

भ्रमण गरिएका जिल्लामा निर्वाचनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न त्यहाँ स्थित सरकारी कार्यालयबाट कर्मचारी विवरण संकलन भइरहेको थियो । कर्मचारीको तालिमका क्रियाकलाप पनि भइरहेका थिए ।

अर्कातिर, जिल्ला निर्वाचन कार्यालयले मतदाता परिचयपत्र अद्यावधिक गरिरहेको थियो । निर्वाचन कार्यालयमा मतपेटिका जाँच गर्ने, गणना गर्ने र तयारी अवस्थामा राख्न सरसफाइ गर्ने काम भइरहेको थियो । जिल्लामा मतपेटिका अपुग भएमा थप मतपेटिकाका लागि आयोगमा अनुरोध गरिएको थियो । सिरहाको जिल्ला निर्वाचन कार्यालयले २,२१३ मतपेटिका उपलब्ध भएकाले अपुग ३१२ मतपेटिका उपलब्ध गराउन आयोगलाई अनुरोध गरेको थियो । कुल ३२० मतदान केन्द्र रहेको स्याङ्जामा प्रत्येक केन्द्रमा पाँच मतपेटिका राख्ने योजना भएकोले अपुग मतपेटिकाका लागि आयोगमा अनुरोध गरिसकिएको जिल्ला निर्वाचन अधिकारीले बताए ।

निर्वाचनका लागि आवश्यक पर्ने १५ किसिमका सामग्री जिल्ला निर्वाचन कार्यालयले नै खरिद गर्ने व्यवस्था मिलाइएको थियो । सोहीअनुसार ती सामग्री खरिद गरिसकेको सम्बन्धित जिल्लाका निर्वाचन अधिकारीले बताए । मतपत्र र निर्वाचनका अन्य सामग्री सुरक्षित रूपमा भण्डारण गर्ने व्यवस्था जिल्लामा गरिसकिएको थियो ।

निर्वाचन मिति घोषणा भइसकेकाले नयाँ मतदाता दर्ता बन्द भएको थियो र जिल्ला निर्वाचन कार्यालयले मतदाता सूची अद्यावधिक गरिरहेको बताइयो । सूचीमा दोहोरिएका वा मृत्यु भएका मतदाताको विवरण मतदाता सूचीबाट हटाउने र गलत विवरण सच्याउने काम भइरहेको थियो ।

निर्वाचन अधिकारी र मुख्य निर्वाचन अधिकृतहरूले मतदान स्थलको निरीक्षण गर्ने र मतदान केन्द्रलाई व्यवस्थित एवं सुरक्षित बनाउने पक्षमा गृहकार्य गरिरहेको बताए ।

## मतदाता शिक्षाको तयारी

आयोगले वडा तहमा नमूना मतपत्र र मतादाता शिक्षा सामग्रीको माध्यमबाट सही तरिकाले मतदान गर्न सिकाउन १५ दिनसम्म समुदायस्तरमा घरदैलो कार्यक्रम गरी मतदाता शिक्षा कार्यक्रम गर्ने तयारी गरेको जिल्ला निर्वाचन अधिकारीहरूले बताए । यसका साथै सबै स्थानीय तहमा मतदातालाई लक्षित गरी नमुना मतदानका साथै छलफल/अन्तरक्रिया कार्यक्रमको पनि तयारी गरेको बताइयो । यसका लागि पालिका स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मतदाता शिक्षा समन्वय समिति र वडा स्तरमा वडा सचिवको संयोजकत्वमा मतदाता शिक्षा सञ्चालन समिति रहने व्यवस्थाअनुसार ती समिति स्थानीय तहमा गठन भइसकेका थिए ।

मतदाता शिक्षाका लागि आवश्यक स्रोत साधन र जनशक्ति स्थानीय तहले व्यवस्था गर्ने र मतदाता शिक्षा सामग्री जस्तै ब्रोसर, नमुना मतपत्र लगायतका सामग्री भने जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित पालिकालाई उपलब्ध गराउने व्यवस्था भएको जिल्ला निर्वाचन कार्यालय सिरहाकी निर्वाचन अधिकारीले बताइन् । मतदाता शिक्षाका लागि स्थानीय तहमार्फत वडाको सम्पूर्ण क्षेत्र समेट्ने गरी महिला स्वास्थ्य स्वयंसेविका परिचालनमार्फत घरदैलो कार्यक्रम गर्ने योजना रहेको निर्वाचन अधिकृतहरूले जानकारी दिए ।

## राजनीतिक दल तथा उम्मेदवारको तयारी

भ्रमण गरिएका सबै जिल्लामा राजनीतिक दल तथा उम्मेदवारहरूले चुनावी गतिविधि तीव्र पारिसकेका थिए। दलहरूले वडा तहसम्मै सम्पर्क कार्यालय स्थापना गर्ने र कार्यकर्ता परिचालन समिति पनि गठन गरिरहेका थिए। गठबन्धन तथा चुनावी तालमेल गरेका दलहरूले संयुक्त निर्वाचन प्रचारप्रसार समिति गठन गरेका थिए। स्वतन्त्र उम्मेदवारहरूले पनि आफ्नो उम्मेदवारीबारे प्रचारप्रसार गर्दै मतदाता भेटघाटका गतिविधि जारी राखेका थिए।

अधिकांश दल तथा उम्मेदवारले मनोनयन दर्ता गरेपश्चात् चुनावी प्रचारप्रसारका लागि कार्यकर्ता प्रशिक्षण कार्यक्रम तथा मतदाता भेटघाट, घरदैलो कार्यक्रम, कोणसभा जस्ता कार्यक्रम शुरू गरिसकेका थिए।

## चुनावी गठबन्धन तथा तालमेल

आउँदो निर्वाचनमा विभिन्न दलहरू छुट्टाछुट्टै गठबन्धन तथा तालमेल गरेर चुनावी प्रतिस्पर्धामा होमिएका छन्। नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)], नेपाल कम्युनिष्ट पार्टी (एकीकृत-समाजवादी) [नेकपा (एकीकृत-समाजवादी)], राष्ट्रिय जनमोर्चा (राजमो), र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को एउटा गठबन्धन छ। अर्कोतिर नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र जनता समाजवादी पार्टी (जसपा) ले तालमेल गरेका छन्। नेकपा (एमाले) ले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग पनि केही निर्वाचन क्षेत्रमा तालमेल गरेको छ।

भिन्न-भिन्न वैचारिक पृष्ठभूमिमा रहेका दलहरूबीच गठबन्धन वा तालमेल भएको हुँदा ती दलका नेता तथा कार्यकर्तामा विश्वासको वातावरण बनाउन कठिन भइरहेको कार्यकर्ताहरूले बताए। यस्तो गठबन्धन वा तालमेल केन्द्र तहबाट 'थोपरिएको' बुझाइ व्यापक थियो। कैयौँ कार्यकर्ता आफ्नो दलले गठबन्धन वा तालमेल गरेकोमा असन्तुष्ट थिए। तर उम्मेदवार तथा कार्यकर्ता आ-आफ्ना निर्वाचन क्षेत्र र जिल्ला तहमा एक अर्काप्रति विश्वासको वातावरण बनाउन निकै कोसिस भने गरिरहेका थिए।

झापामा जसपाका एक प्रदेश समितिका सदस्यले भने "संघीयता र पहिचानको विषयमा फरक बुझाइ रहेको एमाले र जसपा बीचको तालमेलले हामी असन्तुष्ट छौँ।" तर जसपाकै मोरङको प्रदेश सभा सदस्यका उम्मेदवारले नेकपा (एमाले) र जसपाबीच गठबन्धन भई निर्वाचनमा होमिइसकेकाले एक अर्कालाई सहयोग गर्दै निर्वाचनमा सामेल हुनुको विकल्प नभएको बताए।

गत स्थानीय निर्वाचनमा पाँच दलीय गठबन्धनले एक अर्कालाई सहयोग नगर्दा थुप्रै स्थानमा हार व्यहोर्नुपरेकोले यसपटक गठबन्धनको उम्मेदवारलाई सहयोग गर्नुपर्ने बाध्यता भएको झापा र स्याङ्जाका कार्यकर्ताले बताए। तर धनुषामा भने पाँच दलीय गठबन्धनमा रहेका दलहरूले एक अर्काविरुद्ध उम्मेदवारी दिएका छन्।

एउटै जिल्ला भित्रका केही निर्वाचन क्षेत्रमा तालमेल भएको तर अन्य निर्वाचन क्षेत्रमा तालमेल नभएकोले गठबन्धन तथा तालमेल कामयाब हुनेमा कार्यकर्तामा आशंका थियो। उदाहरणको लागि धनुषाको निर्वाचन क्षेत्र नं. १ र ३ मा पाँच दलीय गठबन्धन एवं नेकपा (एमाले) र जसपाको तालमेल छ। तर सोही जिल्लाको निर्वाचन क्षेत्र नं. २ र ४ मा भने गठबन्धन तथा तालमेललाई नमान्दै राजनीतिक दलले छुट्टाछुट्टै उम्मेदवारी दिएका छन्। "तालमेल नभएको ठाउँमा एक अर्कालाई गाली गरेपछि तालमेल भएको ठाउँमा एक अर्कालाई कसरी भोट माग्ने?" जसपाका एक प्रदेश सभा सदस्य उम्मेदवारले प्रश्न गरे।

यस अपडेटका लागि द एसिया फाउन्डेशनले आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको हो। अपडेटका सबै विश्लेषण डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न सक्छन्।